# दोरम्बा शैलुङ गाउँपालिकाको आर्थिक वर्ष ०८२/८३ को वार्षिक, नीति तथा कार्यक्रम

दोरम्बा शैलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
टोकरपुर, रामेछाप
बागमती प्रदेश, नेपाल

# दोरम्बा शैलुङ गाउँपालिकाको आ.व. ०८२/८३ को लागि
# गाउँ कार्यपालिकाबाट प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम

श्री गाउँपालिका उपाध्यक्ष ज्यू, कार्यपालिका सदस्यज्यूहरु, सभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यु, कार्यालयका शाखा प्रमुख ज्युहरु लगायत सम्पूर्ण कर्मचारी मित्रहरु र उपस्थित महानुभावहरु ।

दोरम्बा शैलुङ गाउपालिकाको ६५औं गाउँकार्यपालिकाको बैठकद्धारा स्वीकृत आगामी आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम यस गरिमामय सभामा पेश गर्न पाउँदा गौरवान्वित भएको छु ।

सर्ब प्रथम १० वर्षे जनयुद्ध १९ दिने जनआन्दोलन लगायत नेपालको मुक्तिकामी र परिवर्तनकारी आन्दोलन लगायत नेपालको आन्दोलनहरुमा आफ्नो ज्यानको वलिदान दिनुहुने महान शहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु । साथै बेपत्ता योद्धाहरु र घाइते अपाङ्ग योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

दोरम्बा शैलुङ गाउँपालिकालाई सार्वजनिक सेवामा जनताको सहज पहुँच पुऱ्याई, उत्पादन र उत्पादकत्व बृद्धि गर्दै दिगो पूर्वाधारको निर्माण गर्न चाहन्छौं । गुणस्तरिय जनशक्तिको निर्माण गर्दै विविध क्षेत्रमा रोजगारी सिर्जना गर्दै हरेक क्षेत्रमा स्वतन्त्र र आत्म निर्भर समृद्ध समाजवादी दोरम्बा शैलुङ गाउँपालिका बनाउने लक्ष्य लिएका छौं । उक्त लक्ष्यलाई प्राप्त गर्नको लागि आगामी आर्थिक वर्ष २०८२/०८३ का लागी वार्षिक नीति तथा कार्यक्रम यहाँहरु समक्ष पेश गर्न चाहन्छु ।

## क) आर्थिक विकास नीतिः

### <u>कृषि तथा पर्यटक</u>

१. कृषि क्षेत्र लाई व्यवसायिकरण गर्दै कृषि उत्पादन दुध, मासु, अण्डा, कफी, चिया, किबी, दाते ओखर, सुन्तलाजात फलफूल, टिमुर, एभोकाडो बुद्धचित्त, रुद्राक्ष लगायतमा पालिकालाई आत्मनिर्भर बनाउदै निर्यात समेत गर्ने नीतिलाई अख्तियार गरिनेछ ।
२. कृषि तथा पशुजन्य उत्पादनलाई बृद्धि गर्न वडाहरुलाई पकेट क्षेत्र घोषणा गरिनेछ ।
३. पानीको मुहान पहिचान गरी उर्वरशील/उत्पादनशिल भुमी व्यवस्था गर्न साना सिंचाई, प्लाष्टिक पोखरी थोपा सिंचाई निर्माणमा अनुदान कार्यक्रमको सुनिश्चितता गरिनेछ ।
४. कृषि कार्यको लागि कृषक समुह/कृषि सहकारी/निजि कृषि फर्म/कम्पनी साथै कृषकहरुलाई ५० प्रतिशत अनुदानमा विभिन्न जातको फलफूल विरुवा, खाद्यान्न बालीमा अनुदान कार्यक्रमलाई सुनिश्चितता गरिनेछ ।
५. बालीहरुमा लाग्ने फौजी कीरा लगायत रोग, कीरा व्यवस्थापन गर्न विगत बर्षहरुमा झै निःशुल्क रुपमा बिषादिको व्यवस्था गरिनेछ ।
६. कृषि उत्पादनलाई पर्यटकनसंग जोड्दै कृषकको आय आर्जन सुधारका लागि कृषि पर्यटन कार्यक्रम संचालन गरिनेछ ।
७. गाउँपालिकामा रासायनिक मलको अभाव देखिएकोले खेती बाली लगाउन अगावै अनुदानको रासायनिक मल कृषि सहकारी मार्फत आपूर्तिको व्यवस्था मिलाईनेछ ।
८. पर्यटक, धार्मिक महत्व रहेका ऐतिहासिक, पुरातात्विक स्थानहरुको संरक्षंण, सम्बर्धन र व्यबस्थापन कार्यलाई निरन्तरता दिईनेछ । सथै उक्त क्षेत्रको बिकासको लागि सार्वजनिक निजी साझेदारीको अवधारणालाई निरन्तरता दिईनेछ ।

९. सुन्तलाजात फलफूल बालीमा महामारीको रुपमा देखापरेको औसा कीरा व्यवस्थापन तथा नियन्त्रण गर्न तालिम संचालन गरी उक्त कीरा व्यवस्थापन गर्न निःशुल्क प्रोटिन बेट वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१०. दोरम्बा शैलुङ गाउँपालिका भित्र सहकारी, समुह, निजी फार्म, कृषकहरुले लगाएको विभिन्न जातका फलफूल बगैचाहरु तथा फलफूल नर्सरीहरुलाई गाउँपालिकामा दर्ता तथा सूचिकृत गर्ने प्रक्रियालाई अगाडी बढाईनेछ ।
११. विभिन्न सरकारी कार्यालयहरु, विभिन्न संघ संस्थामा दर्ता भएका कृषि सहकारी, कृषक समुहहरुलाई दोरम्बा शैलुङ गाउँपालिकामा पुन दर्ता, सूचिकृत तथा नविकरण कार्यक्रम अगाडी बढाईनेछ ।
१२. ५० प्रतिशत अनुदानमा वितरण गरिदै अएको कृषि यान्त्रीकरण वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१३. मागको आधारमा ५० प्रतिशत अनुदानमा बिभिन्न जातको हिउँदे तथा वर्षे फलफूलको विरुवा वितरण कार्यक्रमलाई शुनिश्चितता गरिनेछ ।
१४. किबी विकास कार्यक्रमको लागि भौतिक पुर्वाधार निर्माणमा ५० प्रतिशत अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
१५. कृषि उपजहरुलाई वन्यजन्तुहरु बाट जोगाउन सो प्रभावित क्षेत्रका कृषकहरुलाई आवश्यक प्रभावकारी प्रविधि, नियन्त्रण तथा व्यवस्थापन गर्ने कार्यक्रमको व्यवस्था गरिनेछ ।
१६. मौरी विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१७. विगत बर्षमा झै यस आ.ब.मा पनि मौसम अनुसार बिभिन्न जातको खाद्यान्न बाली, कोशेवाली तथा तरकारीको मिनिकिट कृषकलाई निःशुल्क वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
१८ .पर्यटकको विकासको निम्ती दोरम्बा शैलुङ पर्यटन विकास समिति गठन गरिने छ ।
१९. पर्यटकीय क्षेत्रमा रहेका जग्गालाई व्यवस्थित रुपमा पर्यटन पूर्वाधारको रुपमा प्रयोगमा ल्याईनेछ ।
२०. प्रत्येक वडाहरुमा १ जना कृषि प्राविधिकको व्यवस्था गर्न कोशिस गरिनेछ ।
२१. दोरम्बा शैलुङ गाउँपालिका भित्र पशुपन्छी मत्स्य तथ्याङ्क अध्यावधिक गर्ने र किसान सूचिकरण गरी किसान परिचय पत्र वितरण संघीय सरकारको समन्वयमा संचालन गरिने छ ।

## उद्योग तथा सहकारी

१. बेरोजगारी युवाहरुलाई रोजगार संग जोड्न युवा उद्यमीहरुसंग गाउँपालिका अध्यक्ष कार्यक्रम संचालन गरिनेछ। जसमा युवाहरुलाई कृषि, पर्यटक लगायत गाउँपालिका भित्र संचालन गर्न उपयुक्त उद्यमिहरुसंग जोडेर बेराजगार युवालाई रोजगारसंग जोड्ने नीति लिइनेछ । साथै एक वडामा २० युवालाई गाउँमै उत्पादन र रोजगारसंग जोड्ने योजना बनाईनेछ ।
२. सात वटै वडामा युवाहरुलाई एक वडा एक निर्यातमुखी उत्पादनमा जोड दिईनेछ ।
३. युवाहरुलाई रोजगारसंग जोड्नको निम्ति सिप विकास तालिम र प्रविधि हस्तान्तरण गरिनेछ । साथै एक वडा एक उद्यमको निम्ति उद्योगको लागत अनुमानको आधारमा ५ देखि १० प्रतिशत सम्म बीउपुँजी (start up support) को व्यवस्था मिलाईने छ । साथै नयाँ उद्योगहरुलाई प्रोत्साहान दिइनेछ ।
४. दोरम्बा शैलुङको साना, लघु, घरेलु र साना उद्योगको उत्पादन भन्ने नाराका साथ साना तथा घरेलु उद्योग सञ्चालनमा जोड दिइनेछ। लघु, घरेलु र साना उद्योगहरुलाई आवश्याक पर्ने सहयोगका साथ अनुदानको व्यवस्था मिलाईनेछ ।
५. सार्वजनिक (public) नीजि (private) साझेदारी (partnership) को अबधारणा अनुसार दोरम्बा शैलुङ गाउँपालिकामा उद्योग, कृषि र पर्यटनको क्षेत्रमा लगानी भित्राउने अभियान संचालन गरिनेछ ।
६. दैनिक उपभोग्य वस्तुहरुलाई सस्तो र सुलभ मुल्यमा जनतालाई उपलब्ध गराउन एक वडा एक कृषि सहकारी संस्थाको प्रवर्द्धनमा जोड दिईनेछ ।
७. गाउँपालिकामा आबद्ध भएका कृषि सहकारीका पदाधिकारीहरुलाई तालिम मार्फत सहकारी सञ्चालनमा क्षमता विकासमा निरन्तरता दिईनेछ ।

८. गाउँपालिकामा गुणस्तरयुक्त खाद्य सामाग्री उपलब्ध गराउनका लागि नियमित बजार अनुगमन गर्न बजार अनुगमण समितिलाई सकृय गराउने नीतिलाई निरन्तरता दिईने छ ।
९. गैरसरकारी संघ सस्थाबाट संचालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरु गाउँपालिकाको एकद्वार प्रणाली मार्फत संचालन गर्न अनुमति दिईने नीतिलाई निरन्तरता दिइनेछ ।
१०. दोरम्बा शैलुङ गाउँपालिका भित्र सञ्चलित सहकारीहरुको कडाईको साथ अनुगमन गरिनेछ ।

## पशु सेवा

१ .युवाहरुलाई व्यवसायिक रुपमा पशुपालन व्यवसायमा संलग्न गराई रोजगारीको व्यवस्था गरिनेछ ।
२. दुध,अण्डा,मासुको उत्पादन बृद्धि गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउने कार्यक्रम संचालन गरिनेछ ।
३. पशुपालनमा हुने आर्थिक क्षति कम गर्न र पशुमा लाग्ने महामारी रोग नियन्त्रण गर्न भ्याक्सिनेशन कार्यक्रम संचालन गरिनेछ ।
४. छुर्पी तथा घ्यू उत्पादनको लागि चौरी संरक्षण कार्यक्रम संचालन गरिने छ ।
५. कृषकहरुका लागि पशुपालन सम्बन्धि परामर्श र औषधी उपलब्ध गराईने छ ।
६. आधुनिक तथा व्यवसायिक पशुपालनको लागि कृषकहरुलाई तालिमको व्यवस्था मिलाईने छ ।
७. विभिन्न रोग विरुद्ध खोप कार्यक्रम सञ्चालन गर्ने नीतिलाई अवलम्वन गरिनेछ ।
८. पशु पालनलाई व्यवस्थित गर्नको लागि आवश्यकता अनुसार घाँसको बीउ, विरुवा निःशुल्क उपलब्ध गराईने छ ।
१०.पशुपन्छीहरुमा लाग्ने रोगहरुलाई तुरुन्त औषधी उपचारको व्यवस्था गर्न पशु विकास शाखाबाट औषधीको व्यवस्था गरिने छ ।
११. पशु सेवा केन्द्र नभएका वडाहरुमा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

## ख) सामाजिक विकास नीति

### शिक्षा, युवा तथा खेलकुद

१. दोरम्बा शैलुङ गा. पा. भित्रको शैक्षिक सुधारका निम्ती वैज्ञानिक गुणस्तरिय शिक्षा आजको आवश्यकता भन्ने नारा सहित अभिभावक, व्यवस्थापन समितिलाई शैक्षिक चेतना अभिबृद्धि कार्यक्रम र शिक्षक शिक्षिकालाई क्षमता अभिबृद्धि तालिम संचालन गरिनेछ।
२. सामुदायिक विद्यालयहरुमा शिक्षाको गुणस्तर बृद्धि गर्न केहि मोडल विद्यालयहरु तय गरी व्यवस्थापन समिति, अभिभाबक शिक्षक र विद्यार्थी केन्द्रित आबश्यक योजनाहरु तय गरि शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरुलाई अगाडी बढाइनेछ।
३. दोरम्बा शैलुङ गाउँपालिकामा १ वटा मा.वि.लाई स्मार्ट विद्यालय बनाई उच्च प्रबिधिको माध्यमबाट पठन पाठन गर्ने व्यवस्था मिलाईने छ।
४. विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न विद्यार्थी संख्या र विषयको आधारमा शिक्षकहरुको दरबन्दी मिलान गरिनेछ। न्यून विद्यार्थी संख्या भएका विद्यालयमा आवश्यकता अनुसार बाल कक्षा मात्र सञ्चालन गरी अन्य कक्षाहरु नजिकको उपयुक्त विद्यालयमा समायोजन (मर्ज) गरिनेछ। साथै विद्यालयलाई बालमैत्री, लैङ्गिकमैत्री, अपाङ्गमैत्री, प्रविधिमैत्री तथा वातावरणमैत्री बनाइनेछ।
५. विद्यालयको प्रशासनलाई प्रतिस्पर्धात्मक, पारदर्शी, जवाफदेहिता, जिम्मेवार, छिटो, छरितो, सर्वसुलभ, प्रविधिमैत्री, नतिजामूखी तथा व्यवस्थित बनाउनका लागि गाउँपालिकाले प्रधानाध्यापक नियुक्ति सम्बन्धी कार्यविधि तयार गरेर दक्ष, कुशल, सक्षम र व्यवस्थापकीय क्षमता भएका शिक्षकलाई विद्यालयको प्रधानाध्यापक पदमा प्रतिस्पर्धामार्फत् नियुक्त गरी शिक्षण सिकाइ क्रियाकलाप, सिकाइ उपलब्धी र विद्यालयको समग्र व्यवस्थापनमा सुधार ल्याई सामुदायिक शिक्षाको गुणस्तरमा वृद्धि गरिनेछ।

६. सबै सामुदायिक विद्यालयमा ई-हाजिरी (डिजिटल हाजिरी) को प्रभावकारी व्यवस्थापन गरी शिक्षकहरुलाई जिम्मेवार, जवाफदेहि र नतिजामूखि बनाइनेछ। प्रत्येक त्रैमासिकमा शिक्षकको डिजिटल हाजिरीको प्रतिवेदन पेश गरेर मात्र तलव भत्ता निकासा गर्ने व्यवस्था गरिनेछ। तोकिए भन्दा बढी बिदा बस्ने शिक्षकको अनुपस्थित दिनको तलव भत्ता कट्टा गरी निकासा गरिनेछ।

७. कक्षा १-३ मा विद्यार्थी कार्य सञ्चयिकालाई व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ। एकाई, साप्ताहिक, मासिक, त्रैमासिक परीक्षा तथा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन जोड दिइनेछ। परीक्षा सहित मूल्याङ्कनका अन्य साधनहरु मार्फत् विद्यार्थीहरुको निरन्तर मूल्याङ्कन गर्ने, त्रैमासिक तथा वार्षिक परीक्षालाई सु-व्यवस्थित, मर्यादित, प्रभावकारी र उपलब्धीमूखी बनाउनका लागि कुनै अर्को विद्यालयको तोकिएको कुनै एक जना शिक्षकको सुपरीवेक्षणमा परीक्षा सञ्चालन र सुपरीवेक्षण गराई प्रतिवेदन तयार गरी पेश गर्न लगाइने व्यवस्थालाई निरन्तरता दिइनेछ।

८. शिक्षकलाई जिम्मेवारी, जवाफदेही, परिणाममूखी तथा विद्यार्थीलाई लगनशिल, सिर्जनशिल, अध्ययनशिल बनाउन, आधारभूत तह शिक्षा परीक्षालाई व्यवस्थित, मर्यादित र स्वच्छ वातावरणमा सञ्चालन गर्न गाउँपालिकाको कुनै एक वटा मात्र माध्यमिक विद्यालयमा परीक्षा केन्द्र बनाई वार्षिक परीक्षा सञ्चालन गरिनेछ। उक्त परीक्षामा सहभागी परिक्षार्थीहरुको परीक्षा अवधिभर लाग्ने खाना र बास वापतको केही रकम गाउँपालिकाले व्यवस्थापन गरिनेछ।

९. प्रत्येक विद्यालयहरुमा प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि विद्यालयहरुलाई प्रोत्साहित गरिनेछ। कम्प्यूटर, फोटोकपी र स्क्यानर नभएका आधारभूत विद्यालयहरुलाई सो सामग्रीहरु वितरण गरी विद्यालयको तथ्याङ्क, विवरण, अभिलेख व्यवस्थापन डिजिटल मार्फत् गरिनेछ।

१०. प्रत्येक वडाले प्राप्त कुल बजेटको कम्तीमा दश प्रतिशत बजेट आफ्नो वडा भित्रका विद्यालयहरुमा शैक्षिक गुणस्तरका लागि लगानी गर्न प्रोत्साहन गरिनेछ।

११. सबै तह र प्रकारका शिक्षक तथा कर्मचारीहरुलाई अभिमुखीकरण तथा नविनतम शिक्षण प्रविधि बारे तालिम दिई कक्षाकोठामा प्रभावकारी शैक्षिक सामग्री सहितको शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरी उत्कृष्ट नतिजा हासिल गर्ने कार्यक्रमहरु तय गरिनेछ। शिक्षकहरुलाई विषयगत तालिम र कम्प्युटर तथा सूचना प्रविधिसम्बन्धी तालिमहरु प्रदान गरी शिक्षण सिकाईलाई थप प्रविधिमैत्री तथा प्रभावकारी बनाइनेछ।

१२. सरोकारवालाहरुको सहभागितामा गाउँ शिक्षा योजना निर्माण गरी सामुदायिक विद्यालयको विद्यालय प्रशासन तथा शैक्षिक व्यवस्थापन पक्षलाई चुस्तदुरुस्त, पारदर्शी, जवाफदेही, जिम्मेवार, प्रभावकारी र गुणस्तरमा वृद्धि गर्नका लागि शिक्षकले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले गाउँपालिकासँग कार्य सम्पादन सम्झौता करार गरी सिकाई उपलब्धिमा वृद्धि गरिनेछ।

१३. तहगत तथा विषयगत शिक्षकहरु मार्फत् आकस्मिक विद्यालय अनुगमन, परीक्षा सञ्चालन तथा व्यवस्थापन, नमूना शिक्षण, उपचारात्मक शिक्षण गरी शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी, गुणस्तरीय बनाइनेछ। प्रधानाध्यापकले प्रत्येक महिना फरक-फरक न्यूनतम तीन जना शिक्षकहरुको कक्षा अवलोकन गर्ने तथा रचनात्मक पृष्ठपोषण दिई सोको प्रतिवेदन प्रत्येक महिना गाउँपालिकामा पेश गर्ने व्यवस्था गरिनेछ।

१४. गाउँपालिकाले तयार गरी विद्यालयमा वितरण गरिएको 'शैक्षिक योजना डायरी' मा प्रत्येक शिक्षकहरुद्धारा वार्षिक, मासिक, दैनिक पाठ योजना, शिक्षण सुधार योजना तयारी गरी योजनावद्ध शिक्षण गर्ने व्यवस्था गरिनेछ। शिक्षक, विद्यार्थी र अभिभावक बिचको सम्बन्धमा सुधार, जिम्मेवार र जवाफदेही बनाउन गाउँपालिकाबाट वितरित 'होमवर्क डायरी' को प्रभावकारी कार्यान्वयन र उपयोगमा जोड दिइनेछ।

१५. निम्न माध्यमिक तथा माध्यमिक तह सञ्चालित विद्यालयहरुमा विद्यार्थीहरुको सिकाइ उपलब्धीमा वृद्धि गर्नका लागि गणित, विज्ञान र अंग्रेजी विषयको थप अतिरिक्त कक्षा सञ्चालन गर्न अभिभावक समेतलाई जिम्मेवार र अपनत्व वहान गर्ने गरी बजेट विनियोजन गरिनेछ।

१६. प्रत्येक माध्यमिक विद्यालयहरुमा स्काउट व्यवस्थापन गरी विद्यार्थीहरुलाई सामाजिक क्रियाकलापहरुमा सक्रिय भूमिका निर्वाह गर्नका लागि प्रत्येक माध्यमिक विद्यालयलाई आवश्यक बजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

१७. शैक्षिक विषयमा नियमित गाउँ शिक्षा समिति, प्रधानाध्यापक तथा सरोकारहरु सँगको बैठक बसी शैक्षिक समस्याको समयमै समाधान गरी शैक्षिक क्षेत्रलाई थप प्रभावकारी तथा गुणस्तरीय बनाइनेछ।

१८. प्रत्येक विद्यालयमा सूचना अधिकारी, गुनासो अधिकारी, बाल क्लव, बाल सञ्जाल, विद्यालयको दैनिक प्रगति विवरण, गुनासो पेटिका लगायतको प्रभावकारी व्यवस्थापन गरिनेछ।

१९. गाउँपालिका भित्र प्राविधिक तथा व्यावसायिक शिक्षा दिने विद्यालयको संख्यामा वृद्धि गरी कृषि तथा पशु विज्ञान विषय अध्ययन–अध्यापन गर्ने व्यवस्था गरिनेछ। प्राविधिक तथा व्यावसायिक शिक्षा लिइरहेका विद्यार्थीहरुलाई गाउँपालिकाको विविध योजनाहरुमा समावेश गरी परियोजना कार्य र इर्न्टनसिप कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

२०. आधारभूत तहमा 'हाम्रो दोरम्बा शैलुङ' विषयक स्थानीय पाठ्यक्रमको सन्दर्भ सामग्री तयार गरी शिक्षण सिकाई सञ्चालन गरिनेछ। वि.सं. २०८० देखि कक्षा १-५ र २०८१ देखि कक्षा १-८ नै स्थानीय पाठ्यक्रमको शिक्षण सिकाइ गराई स्थानीय ज्ञानमा अभिवृद्धि गरी स्थानीय विकासमा टेवा पुऱ्याइनेछ।

२१. विद्यार्थीहरुको सर्वाङ्गिण विकास गर्नका लागि नियमित शिक्षण सिकाईका अतिरिक्त विद्यालय, वडा, गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुका साथै विद्यार्थीहरुलाई सामाजिक कार्यहरुमा संलग्न गराई विद्यार्थीमा रहेको आन्तरिक प्रतिभाको प्रस्फुटन गर्न सहयोग गरिनेछ। प्रत्येक शुक्रबार टिफिन पछि अनिवार्य अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

२२. विद्यालयका प्रधानाध्यापकहरुलाई पालिका बाहिरका अन्य उत्कृष्ट विद्यालयहरुमा भईरहेको नविनतम शैक्षिक गतिविधिहरुको अवलोकन गराई आफ्नो विद्यालयमा सो अनुरुप गुणस्तर व्यवस्थापन गर्ने व्यवस्था गरिनेछ।

२३. गाउँपालिकामा रहेका सामुदायिक विद्यालयबाट उत्कृष्ट स्थान हासिल गर्ने एक/एक जना छात्र, छात्रा, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघ, विद्यालय, अभिभावकलाई सम्मान तथा पुरस्कार प्रदान गरिनेछ।

२४. शिक्षक तथा कर्मचारीहरुलाई आफ्नो पेशा प्रति गौरव, आत्मसन्तुष्ट र सम्मानित तवरले काम गर्ने वातावरण सिर्जना गरिनेछ। विद्यालय व्यवस्थापन समिति मार्फत् अस्थायी, करार, राहत, अनुदान कोटामा कार्यरत सम्पूर्ण शिक्षकहरुको प्रत्येक ६/६ महिनामा करार सम्झौता नविकरण गर्ने व्यवस्था गरिनेछ। आफ्नो जिम्मेवारी पूरा नगर्ने तथा विद्यार्थीको सिकाइ उपलब्धीमा वृद्धि नगरेका शिक्षकहरुलाई आन्तरिक सरुवा वा आवश्यक कार्बाही गरी उत्कृष्ट शिक्षकहरुलाई सम्मान गरिनेछ।

२५. कक्षा कोठामा शिक्षक सहजकर्ताको रुपमा रही विद्यार्थी केन्द्रित, क्रियाकलापमा आधारित शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरी विद्यार्थीले स्वतन्त्र वातावरणमा आफैले गरेर सिक्ने वातावरण सिर्जना गर्नका लागि प्रोत्साहित गरिनेछ।

२६. प्रत्येक चौमासिकमा सम्बन्धित सरोकारवालाहरु सबैको उपस्थितिमा चौमासिक शैक्षिक प्रगति प्रतिवेदन पेश गरी सोको समिक्षा तथा शैक्षिक गुणस्तरका लागि छलफल गरिनेछ।

२७. गाउँपालिका भित्र रहेका शिक्षा क्षेत्रका विशिष्ट व्यक्तित्व तथा शिक्षित युवा जगतलाई शैक्षिक क्षेत्रको विकासमा लाग्नका लागि प्रोत्साहन तथा आकर्षित गरिनेछ। सामुदायिक सिकाई केन्द्रहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। अनुशासित, स्वस्थ, भातृत्व, खेलाडीको क्षमता र खेलको स्तर वृद्धिका लागि गाउँपालिका स्तरीय खेलकुदका अतिरिक्त अन्य खेलकुदहरु आयोजना, रङ्गशाला तथा भौतिक पूर्वधारको निर्माणका लागि पहल गरिनेछ।

२८. युवाको क्षमता अभिवृद्धि गरी देशभक्त, अनुशासित र उद्यमशील बनाइनेछ। विपद् जोखिम न्यूनिकरण, वातावरण संरक्षण, राहत, उद्धार तथा जनचेतना अभिवृद्धिलगायत कार्यक्रममा युवा परिचालन तथा

गाउँपालिकाको आर्थिक, सामाजिक र सांस्कृतिक रुपान्तरणमा युवाको सार्थक सहभागिताका लागि युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२९. गाउँपालिकाको खेलकुद क्षेत्रको विकास गर्न माध्यमिक विद्यालयहरुमा प्रशिक्षणका लागि तेक्वान्दो, भलिबल, र कराँते विधाका खेलकुद प्रशिक्षकको व्यवस्था गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। गाउँपालिका स्तरीय विविध खेलकुद कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३०. माध्यमिक विद्यालयहरुलाई छात्रवास सञ्चालन गर्न प्रोत्साहित गरी छात्रवासका लागि आवश्यक पूर्वाधार विकास गर्न अनुदान उपलब्ध गरिनेछ। साथै सहिद, टुहुरा, द्धन्द्ध पिडित, आर्थिक तथा सामाजिक रुपले पिछाडिएका वर्गका लागि छात्रवास सहितको निःशुल्क माध्यमिक शिक्षाको व्यवस्था गरिनेछ।

३१. सामुदायिक प्रारम्भिक बाल विकास शिक्षक, विद्यालय कर्मचारीहरुको मनोबल उच्च बनाई उनीहरुबाट प्रवाह हुने सेवाको गुणस्तर वृद्धि गर्नका लागि नेपाल सरकारले निर्धारण गरे बमोजिमको न्यूनतम मासिक पारिश्रमिक उपलब्ध गरिनेछ।

३२. माध्यमिक विद्यालयहरुमा सञ्चालन गरिने 'एक विद्यालय, एक उद्यमशिल कार्यक्रम'लाई प्रभावकारी तवरले सञ्चालन तथा व्यवस्थापन गरिनेछ।

३३. विद्यालयको प्रशासनिक, भौतिक, शैक्षिक जस्ता सम्पूर्ण पक्षको गाउँपालिका तथा वडा कार्यलय मार्फत् नियमित सामुहिक अनुगमन गरिनेछ।

३४. आधारभूत तहसम्मको शिक्षालाई अनिवार्य र निःशुल्क तथा माध्यमिक तहलाई निःशुल्क गर्ने कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ। विद्यालय बाहिर रहेका आधारभूत तह उमेरका बालबालिकाको तथ्याङ्क यकिन गरी दोरम्बा शैलुङ गाउँपालिकालाई माध्यमिक तहको शिक्षा सुनिश्चित भएको घोषणा गरिनेछ।

३५. विद्यार्थी नियमितता तथा टिकाउ दरमा वृद्धि गर्दै सिकाई उपलब्धीमा सुधार ल्याउन दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी, व्यवस्थित तथा अन्य विशेष कार्यक्रमहरुको व्यवस्था गरिनेछ। अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

३६. बाल बालिका बचाउ, बाल विकास, बाल सहभागिता र बाल संरक्षण लगायतका विषयमा बालबालिका लक्षित विभिन्न शैक्षिक संघ-संस्था तथा गैरसरकारी संघ-संस्थासँगको सहकार्य र समन्वयमा विविध शैक्षिक, सामाजिक कार्यक्रम सञ्चालन गरिनेछ। बालक्लव, बालसञ्जाललाई तालिम तथा अर्न्तक्रियाका माध्यमबाट क्षमता विकास गराईनेछ।

३७. विद्यालयका विद्यार्थी संख्या तथा उपलब्ध दरवन्दीको विश्लेषण गरी सहयोगी संघ–संस्था समेतसँगको समन्वयमा अपुग दरवन्दीको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ। जसमा माध्यमिक तहको विद्यालयमा कम्तिमा माध्यमिक तहको एक जना (गणित, विज्ञान र अंग्रेजी) शिक्षकको अनुदानको व्यवस्था गरिनेछ। आधारभुत तह (१-८) सञ्चालन भएका र एकजना पनि निम्न माध्यमिक तहको शिक्षक नभएको विद्यालयमा निम्न माध्यमिक तहको एक जना शिक्षक अनुदान उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइनेछ

३८. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गरी आधुनिक, व्यावसायिक एवम् प्रविधियुक्त शिक्षामा जोड दिइनेछ। विद्यार्थीहरुमा राष्ट्रियता र देशप्रेमको भावना विकास गर्ने, उच्च नैतिक चरित्र निर्माण गर्ने र कर्तव्यबोध गराउने जस्ता आदर्श र अनुशासित नागरिकका गुणहरु विकास गराउन जोड दिइनेछ।

३९. सबै विद्यालयमा शैक्षिक सुचना, तथ्याङ्क, लेखा परीक्षण, सामाजिक परीक्षण, विद्यालय सुधार योजना तोकिएको समयमै निर्माण तथा प्रभावकारी कार्यान्वयन गर्ने र विद्यालयले सम्पादन गर्ने अन्य कार्यलाई विद्यालय तथा प्रधानाध्यापकको कार्यसम्पादन सँग जोडि सोही अनुसार विद्यालय र प्रधानाध्यापकको मूल्याङ्कन गरिनेछ जसलाई गाउँपालिका बाट प्रदान गरिने अनुदान तथा अन्य सेवा, सुविधालाई आधार बनाईनेछ। सबै सामुदायिक विद्यालयबाट त्रैमासिक प्रगति समीक्षा कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ।

४०. सबै विद्यालयमा घेराबार, शुद्ध खानेपानी, छात्रा/छात्र/अपाङ्गमैत्री शौचालय, बाल कक्षालाई बालमैत्री पूर्वाधार सहितको बाल कक्षाको व्यवस्था, खेलकुद तथा मनोरञ्जनात्मक सामाग्री, शैक्षिक सामाग्री, भित्ते लेखन

व्यवस्थापन गरी शिक्षण सिकाईको जगलाई थप मजवुद बनाई गुणस्तरीय शिक्षामा जोड दिईनेछ। प्रारम्भिक बाल कक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने दरलाई वृद्धि गर्न विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४१. शैक्षिक व्यवस्थापन तथा शैक्षिक गुणस्तरका लागि गाउँपालिकाले विविध ऐन, नियमावली, कार्यविधि, निर्देशिका बनाई व्यवस्थित गरिनेछ।

४२. आधारभुत तहका विद्यालयहरुमा मातृभाषामा शिक्षा दिइने नीतिलाई अंगीकार गरिनेछ।

## खानेपानी, स्वास्थ्य तथा सरसफाई

१ बालमैत्री, लैंगिकमैत्री र फरक क्षमता भएका व्यक्तिमैत्री पूर्वाधार जस्तै खानेपानी, शौचालय जस्ता पूर्वाधार निर्माणमा गाउँपालिकाको तर्फबाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराईनेछ।

२ बिभिन्न सरुवा रोग तथा महामारी नियन्त्रणका लागि दोरम्बा प्राथमिक अस्पताल र मातहतका स्वास्थ्य चौकीमार्फत सेवालाई प्राथमिकतामा राखी उपचार, नियन्त्रण रोकथाम तथा खोप कार्यक्रमलाई महत्वका साथ अगाडि बढाइनेछ।

३ स्वास्थ्य क्षेत्रमा जनताको पहुँच सहज बनाउन एम्बुलेन्सको व्यवस्थापन, घुम्ती स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यक्रम तय गरिनेछ।

४ महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई काम प्रति जागरुक बनाउन तथा हौसला प्रदान गर्न मासिक यातायात र प्रोत्साहन खर्चको व्यवस्था गरिनेछ।

५ गाउँपालिका भित्र रहेका दोरम्बा, टोकरपुर, थापागाउँ, र डडुवाका स्वास्थ्य चौकीहरुमा चौविसै घण्टा प्रसुती सेवा सञ्चालनको लागि आवश्यक सहयोग गरिनेछ। साथै स्वास्थ्य चौकी गौश्वरामा बर्थिङ सेन्टर बनाउने व्यवस्था मिलाइने छ।

६ सवै गाउँघर क्लिनिकलाई व्यवस्थित बनाउन आवश्यक वजेट व्यवस्था गरिनेछ।

७ सरुवा रोग नियन्त्रणका लागि दक्ष जनशक्तिद्धारा स्वास्थ्य संस्था र पालिकामा तालिम तथा अनसाइट कोचिङ्गको व्यवस्था गरिनेछ।

८ स्वास्थ्य सुचना प्रणालीलाई व्यवस्थित गर्न हरेक स्वास्थ्य संस्थामा लागु हुने गरी सफ्टवेयरलाई कार्यान्वयनमा ल्याइनेछ।

९ गाउँपालिका भित्र रहेका बर्थिङ सेन्टरहरुमा सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी बनाउनको लागी वेटिङ रुमको व्यवस्थापन गरिने छ।

१० दोरम्बा प्राथामिक अस्पतालमा संचालनमा रहेको स्वास्थ्य विमा कार्यक्रम संचालन गर्नको लागी सुढृढिकरण गरिनेछ।

११ 'एक विद्यालय, एक नर्स कार्यक्रम' लाई निरन्तरता दिदै बाँकी रहेका माध्यमिक विद्यालयहरुमा नर्सको व्यवस्थामा जोड दिइनेछ।

१२. ल्याव र रेडियोलोजी सेवा सञ्चालन गर्न आवश्यक कर्मचारी र सामग्रीको व्यवस्था गरिनेछ।

१३ एक घर, एक धारा, एक शौचालय नीतिलाई निरन्तरता दिइनेछ।

१४. गाउँपालिका अर्न्तगत रहेका खानेपानी मूहानहरुको पहिचान गरि गुणस्तरीय खानेपानीको व्यवस्था गरिनेछ।

१५. फोहोरमैला व्यवस्थापन नीतिलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ।

१६. दोरम्बा शैलुङ गाउँपालिका अन्तर्गतको मातृ मृत्यु र नव शिशु मृत्यु दर न्युनिकरण गर्नको लागि सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत संस्थागत सुत्केरीको लागि जनचेतनामुलक कार्यक्रम गर्नको साथै संस्थागत सुत्केरी गराए वापत सेवा प्रदायकलाई रकमको व्यवस्था गरिनेछ।

१७ सम्पूर्ण बालबालिकालाई पूर्ण खोप प्रदान गर्न खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८ जेष्ठ नागरिक, अपाँग तथा दिर्घरोगीहरुलाई घरधुरीमा नै आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

## महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्ग, अल्पसंख्यक, जनजाति तथा दलित

१ महिलामैत्री सेवा प्रवाह र सेवा प्राप्तीका लागि गाँउपालिका कार्यालयमा स्तनपान कक्षलाई संचालनमा ल्याईने छ।

२ महिलाहरुको आर्थिक सशक्तिकरणका लागि आवश्यकता र मागको आधारमा सिप विकास र उद्यमशिलता विकास तालिमको व्यवस्था गरिनुको साथै महिलाको स्वास्थ्यलाई सम्बोधन गर्ने कार्यक्रमलाई प्राथमिकता दिइनेछ

३ समाजमा अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक परम्परागत संकुचित सोचलाई न्युनिकरण गर्दै अपाङ्गता भएका व्यक्तिहरुको समाजमा पुनःस्थापना गर्नका लागि अपाङ्गता लक्षित कार्यक्रम संचालन गरिनेछ।

४ वडामा रहेका बालक्लब, बालसञ्जाललाई सक्रिय बनाई वडा- गाँउपालिकालाई बालमैत्री स्थानीय शासनमा आबद्ध गर्ने गरी  कार्यक्रम सञ्चालन गरिनेछ।

५ गाँउपालिका भित्र व्याप्त बालविवाह, लैगिंक हिंसा, छुवाछुत लगायतका सामाजिक कुरीति, कुसंस्कार तथा अव्यवहारिक परम्पराहरु न्युनिकरणका लागि समुदायस्तरमा जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ।

६ अति सिमान्तकृत ,सीमान्तकृत तथा अल्पसंख्यक जातीको जीवनस्तर सुधार गर्न शिक्षा, स्वास्थ्य,रोजगारी लगाएतका क्षेत्रमा सहज पहुँच सुनिश्चित गर्दै आयआर्जन,क्षमता विकासका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

७ गाँउपालिकामा रहेका सामाजिक आर्थिक लगाएतका क्षेत्रमा पछाडि परी समुदायमा वञ्चितिकरणमा परेका महिला , दलित ,जनजाती, अपाङ्ग, अल्पसंख्यक सिमान्तकृत लगायतका वर्गहरुको पहिचान गरी आवश्यकता र माग बमोजिम लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ।

८ उपाध्यक्षसँग महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

९ गृहिणी महिला शसक्तिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१० गाउँपालिका भित्र रहेका विभिन्न जातजातीहरुको भाषा संस्कृति संरक्षणको लागी आवश्यक कार्यक्रमहरु गरिनेछ

## ग) पूर्वाधार विकास नीति

सडक

१. दोरम्बा शैलुङ गाउँपालिकाले पालिकाको मेरुदण्डको रुपमा रहेको निम्न अनुसारका सडकहरुलाई प्राथामिकतामा राखि स्तरउन्नती गर्दै कालोपत्रे गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

क. चौरीखोला पुँडीटार थरभञ्ज्याङ टोकरपुर सडक

ख. गाल्पा दोरम्बा खोलाखर्क सडक

ग. टोकरपुर निगुरे साल्मे खारपानी सडक

घ. चौरीखोला, लखनपुर रिष्ठे गुराँसे, सिमटार रजमन्टार गाल्पा सडक

ङ. मेग्रे, सुर्के, बालुवा निगालाबास दोरम्बा सडक

च. टोकरपुर, ओखेनी, देउराली सिनेडाँडा दुधौली भन्ज्याङ सडक

छ. टार पुँडीघ्याँङ सानोशैलुङ ठुलो शैलुङ सडक

च. कोइलीबगर दर्गा पासेवन गौश्वरा ताम्चेत सडक

छ. टोकरपुर सिस्नेरी आलम्पुर गाल्पा सडक

२. विकास निर्माणका योजना आयोजना निर्माण गर्दा प्रचलित ऐन कानुनको पूर्ण रुपमा पालना गरि सावधानी अपनाएर गर्ने गराउने नीति लिईनेछ ।

३. गाउँपालिकाको मुख्य सडकहरु भत्किएर जाने र सडक सुचारु गर्नका लागि लाखौं रकम खर्च हुने भएकोले सम्भव भएसम्म गाउँपालिकामा रहेको डोजर प्रयोग गरी क्रमवद्ध रुपमा सडक सुचारु गरिने नीतिलाई निरन्तरता गरिनेछ ।

४. राजधानी देखि गाउँपालिका केन्द्र, जिल्ला देखि गाउँपालिका केन्द्र र वडादेखि पालिका केन्द्र जोडिने सडकहरुमा पर्ने बाँकी रहेको स्थानहरुमा पक्की पुल निर्माणका लागि विस्तृत परियोजना सर्वेक्षण गरिनेछ ।

५. गाउँपालिकाको पर्यटन तथा पूर्वाधार विकासलाई प्रवर्द्धन गर्न, आवतजावत सहज गर्न अत्यावश्यक स्थानहरुमा झोलुङ्गे पूल निर्माणका लागि सम्बन्धित निकायमा आवश्यक बजेट माग गरिनेछ ।

**भवन**

१ गाउँपालिका कार्यालय निर्माणको लागि शुरुवात गरिनेछ साथै वडा कार्यालय २, ३ र ४ का पक्कि भवन निर्माण गर्नका लागि संघीय तथा प्रदेश सरकार संग पहल गरिनेछ । निर्माणधिन अवस्थामा रहेका वडा कार्यालयहरुको तला थप्ने कार्यलाई संघ र प्रदेश सरकार संग पहल गरिने छ । महिला भवन, सामुदायीक भवन र सामुदायीक स्वास्थ्य संस्थाका भवनहरु निर्माण सम्पन्न गर्न प्राथमिकता दिईनेछ ।

२ भवन निर्माणमा आधुनिक प्रविधिको अवलम्वनमा जोड दिईनेछ । साथै बजार क्षेत्रमा बन्ने पक्की घर नक्सा पास गरी भवन निर्माण मापदण्ड अनुरुपको निर्माणमा जोड दिइनेछ ।

३ संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट विनियोजन गरिएको रकमबाट निर्माण हुने विकास कार्यक्रममा उपभोक्ता समितिमा जनपरिचालनको अवस्था क्रमिक रुपमा सुधार हुँदै गएकोले

जनसहभागितामा आधारित विकास निर्माण कार्यलाई प्राथमिकता दिई रोजगार कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

४ कृषिजन्य उत्पादन स्टोर गर्नको लागी  कोल्ड स्टोरको लागी संघिय र प्रदेश सरकारसंग माग गरिनेछ ।

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापन नीति

१. स्थानीय स्तरको जडिबुटीहरुको पहिचान र नर्सरी संचालनमा जोड दिइनेछ साथै जडीबुटीहरुको प्रशोधन र निर्यातलाई व्यवस्थित गरि गाउँपालिकाका युवा र महिला लक्षित आय आर्जन गर्ने रोजगारमुलक कार्यक्रमलाई अगाडी बढाउने नीति लिइनेछ ।

२. दोरम्बा शैलुङको वन दोरम्बा शैलुङबासीको धन भन्ने नारा सहित सामुदायिक वन ,कवुलियति वन तथा निजी वनहरुको संरक्षण, सम्वर्धनको नीति लिइनेछ साथै यी वनहरुको अनुगमन, सुपरिवेक्षण र व्यवस्थापनको पाटोलाई प्राथमिकता दिइनेछ ।

३. गाउँपालिका क्षेत्रभित्र उत्पादन भएका फोहरमैलाहरुको व्यवस्थापनका लागि  घरबाट नै फोहोरलाई व्यवस्थापन गर्नका लागि अभियान सञ्चालन गरिनेछ । साथै सरसफाई अभियान सञ्चालन गरी पूर्ण सरसफाई वडा घोषणाको लागि व्यवस्था मिलाइनेछ ।

४. नदि कटान ,पहिरो नियन्त्रण, भुक्षय र बाढी पहिरो नियन्त्रणको लागि आवश्यक बजेटको व्यवस्था गरि वृक्षारोपण गर्ने, तटबन्धको व्यवस्था गर्ने तथा  सडक निर्माण गर्दा दुवै तर्फ बहुउपयोगी विरुवा रोप्ने व्यवस्था  मिलाई हरित सडक निर्माण गरिनेछ ।

५. गाउँपालिका क्षेत्र भित्र पाइने बहुमुल्य जडीबुटीहरुलाई वन कार्यालय र समुहको समन्वय र सक्रियतामा अध्ययन,अनुसन्धान, संरक्षण संम्वर्दन र सदुपयोग गर्ने नीति लिइनेछ ।

६. सार्वजनिक स्थानहरुमा निर्माण भएका सार्वजनिक शौचालयहरुलाई व्यवस्थापन र नयाँ शौचालय निर्माणका कार्यलाई निरन्तरता दिइने छ।

७. गाउँपालिका भित्रका विद्यालय ,सरकारी तथा गैरसरकारी संस्थाहरुसंगको साझेदारीमा वातावरण संरक्षणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८. सार्वजनिक सरकारी सम्पत्ति, खानेपानीको मुहान,पोखरी कुवाहरुको उचित संरक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९. गाउँपालिका स्तरीय विपद व्यवस्थापन समिति र वडा स्तरीय विपद व्यवस्थापन समितिको क्षमता विकास गरिनेछ । प्रत्येक वडाहरुमा विपद व्यवस्थापनका लागि उद्दार गर्न  आवश्यक पर्ने सामाग्रीहरुको व्यवस्थापन गरिनेछ ।

१०. विपद जोखिम क्षेत्रहरुको पहिचान गरि क्षति न्यूनीकरण गर्न विपद्को समयमा उद्दार र राहतका कार्यहरुलाई प्रभावकारी वनाउन स्थानीय विपद् सहायता कक्षको स्थापना गर्ने व्यवस्था मिलाइनेछ।

११. चालु आ.ब.मा पहिरो र विविध कारणले विस्थापित भएका विपद् पिडित घरधुरीलाई अस्थायी आवास तथा स्थायी आवास व्यवस्थापनको लागी आवश्यक पहल कदमी लिइनेछ ।

१२. वन वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा काम गर्ने स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रका संघसंस्थाहरु संग समन्वयात्मक रुपमा काम गर्ने नीति अवलम्वन गरिनेछ ।

**ङ) सुशासन तथा सेवा प्रवाह नीतिः**

१. गाउँपालिका मार्फत प्रबाह गरिने सेवाहरुलाई सम्बन्धित जनप्रतिनीधि तथा कर्मचारीहरुले मुस्कान सहितको सेवा प्रदान गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

२ गाउँपालिकाको सम्पूर्ण सार्वजनिक सूचना तथा जानकारीहरु वेवसाईटमार्फत सार्वजनिक गरी गाउँपालिकाको वेवसाईटलाई प्रभावकारी व्यवस्थापन गरिनेछ ।

३. गाउँपालिकाको कार्यालय तथा अर्न्तगतका वडा कार्यालयहरुबाट वितरण गरिने सार्वजनिक सेवा प्रवाहलाई मर्यादित, व्यवस्थित र गुणस्तरीय बनाउनका लागि सेवा प्रवाह मापदण्ड पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

४. गाउँपालिकाको सबै वडा कार्यालयहरु, विद्यालय, स्वास्थ्य संस्थाहरुमा पूर्ण रुपले ईन्टरनेट सुविधा सञ्चालनमा जोड दिइनेछ ।

५. गाउँपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाईनेछ । गाउँपालिका र वडा कार्यालयहरुबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन गुनासो पेटिकाका व्यवस्थापन गरी नियमित गुनासो सुनुवाईको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

६. गाउँपालिका भित्र सञ्चालनमा रहेका व्यवसायहरुको प्रभावकारी व्यवस्थापनको लागि बजार व्यवस्थापनका लागि नियमित बजार अनुगमन गरिनेछ ।

७ .गाउँपालिका भित्र रहेका सार्वजनिक सम्पत्तिको संरक्षण तथा सुरक्षा गर्नका लागि सार्वजनिक स्थल, भवन लगायतका सार्वजनिक स्थलहरुको विवरण अद्यावधिक गरी अभिलेख व्यवस्थापन गरिनेछ ।

८. गाउँपालिकाद्धारा सञ्चालित योजना/आयोजनाहरुको गुणस्तर अभिवृद्धि गर्न गाउँपालिकामा गठित अनुगमन समितिद्वारा गरिने अनुगमनलाई नियमितता प्रदान गरी योजना तथा विकास निर्माण कार्यलाई प्रभावकारी बनाईनेछ ।

९. न्यायिक समितिबाट सम्पादन गरिने न्यायिक निरोपणका कार्यलाई छिटो छरितो सहज र व्यवस्थित बनाउनको लागि क्षमता विकास कार्यक्रम पुनर्ताजकी तालिम अन्तकृया र अधिमुखिकरण कार्यक्रम वडा र पालिकामा संचालन गरिनेछ ।

१०. गाउँपालिका भित्रका सबै धर्म, संस्कृती एवं परम्पराको संरक्षण तथा सम्वर्द्धन गर्ने नीति लिईनेछ साथै गाउँपालिकाको आर्थिक विकासमा थप टेवा पुऱ्याउन धार्मिक एवं सांस्कृतिक पर्यटन प्रर्वद्धन गरिनेछ र होमस्टे प्रवर्द्धन तथा प्रभावकारी व्यवस्थापन गर्ने कार्यका लागि पर्यटन तालिम, होमस्टे सञ्चालन अनुगमन नियमित रुपमा गर्ने व्यवस्था मिलाईनेछ ।

११. समय-समयमा देखा पर्ने विभिन्न खाले माहामारी व्यवस्थापनका लागि गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई स्रोत साधन सम्पन्न बनाइनेछ ।

१२. गाउँपालिकाको कार्यालय लगायतका मातहतका सम्पूर्ण संस्थाहरु लैङ्गिकमैत्री, अपाङ्गतामैत्री र बालमैत्री बनाउनका लागि आवश्यक पहल गरिनेछ ।

१३. यस गाउँपालिकामा आवश्यक विविध क्षेत्र र बिषयहरुको नीति, ऐन, नियमावली, कार्यविधि, मापदण्ड लगायतका कानून निर्माणलाई प्राथमिकता दिईनेछ ।

१४ सार्वजनिक प्रशासनलाई सक्षम सुढृढ उत्तरदायी जिम्मेवारी बनाइनेछ । दोरम्बा गाउँपालिकामा सबै भन्दा उत्कृष्ट कर्मचारीलाई १० हजार नगद सहित उत्कृष्ठ कर्मचारी घोषणा सहित सम्मान गरिनेछ ।

## कानून तथा न्यायिक सेवा नीति

१. कानुनको अज्ञानतामा गरिएको गल्ति क्षम्य हुने छैन त्यसकारण कानुन सबैले जानुन भन्ने उदेश्यका साथ कानुनी सचेतना कार्यक्रम संञ्चालन गरिने छ ।

२. सामाजिक विवेदबाट पिडितलाई कानुनी सहायता तथा सामाजिक सुरक्षा कार्यक्रम लागु गरिने छ ।

३. सामाजिक संञ्जालको दुरुपयोग न्युनिकरण तथा रोकथामको लागि साइबर अपराध सम्बन्धि कानुनी सचेतना कार्यक्रम संञ्चालन गरिने छ ।
४. मेलमिलापलाई नै विवाद निरुपणको मुख्य आधार मानि व्यवस्थित मेलमिलापकेन्द्र र ज्ञानसिपयुक्त मेलमिलापकर्ताको व्यवस्था गरिने छ ।
५. छिटोछरितो,सरल र सहज प्रशासनिक सेवा प्रदानमा गुणस्तर वृद्धि गर्नका लागि व्यक्तिगत घटना दर्ता, मौलिक हकको संरक्षण र सामाजिक विसंगती विकृतिको अन्त्य गर्न कानुनी सचेतना कार्यक्रमहरु संञ्चालन गरिने छ ।
६. व्यवस्थित न्यायिक समितिका लागि कानुन अधिकृतको व्यवस्था गरिने छ ।
७. संघिय,प्रादेशिक र स्थानीय कानुनको प्रचारप्रसार गरिने छ ।

**वित्तिय व्यवस्थापन नीति :**

१. गाउँपालिकाबाट सञ्चालन हुने सम्पूर्ण आर्थिक कारोबारहरु नेपाल सरकारले अनिवार्य रुपमा लागु गरेको सूत्र प्रणालीबाट सञ्चालन भईरहेकोमा त्यसलाई अझ चुस्त-दुरुस्त बनाई थप व्यवस्थित गरिनेछ ।
२. गाउँपालिकाको राजस्व सङ्कलन प्रणालीलाई थप पारदर्शी बनाई राजस्व सङ्कलन वृद्धि गर्न गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुमा अनलाईन मार्फत राजस्व व्यवस्थापन सूचना प्रणाली (RMIS) लाई निरन्तरता गरिनेछ ।
३. गाउँपालिकाद्धारा स्वीकृत वार्षिक योजनाहरु सञ्चालन गर्दा उपभोक्ता समिति, निर्माण व्यवसायी, सेवा प्रदायक लगायतका खरिद सम्बन्धी कार्यका लागि पेश्की दिने प्रचलन पूर्ण रुपमा बन्द गरिएकोमा सो कार्यलाई निरन्तरता दिईनेछ ।
४. गाउँपालिकाको खरिद प्रक्रियालाई पारदर्शी, अनुमानयोग्य तथा मितव्ययी बनाउनका लागि गाउँपालिकाको खरिद समितिको सक्रियता तथा क्रियाशिलता अभिवृद्धि गरी बार्षिक खरिद गुरुयोजना तयार गरी खरिद कार्यलाई थप व्यवस्थित गरिनेछ ।
५. गाउँपालिका र मातहतमा रहेको जिन्सि सामानहरुको विवरण चुस्त दुरुस्त राखी नेपाल सरकारले तोकेको PAMS जिन्सि सफ्टवेयरको प्रयोगलाई निरन्तरता दिइनेछ ।

**अन्त्यमा**

दोरम्बा शैलुङ गाउपालिकाको बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा अमुल्य सुझाव दिनुहुने राजश्व परामर्श समिति, स्रोत अनुमान तथा सिमा निर्धारण समिति, विभिन्न बिषयगत समितिका पदाधिकारीज्यूहरु, सर्वपक्षीय भेलामा सुझाव दिनुहुन सवै महानुभावहरु, कार्यालय प्रमुख एवं सम्पुर्ण कर्मचारी मित्रहरु, राजनीतिक दलका पदाधिकारीज्यूहरु संघ संस्थाका कर्मचारी, उद्योगी, समाजसेवी लगायत सवैमा धन्यवाद ज्ञापन गर्न चाहान्छु साथै यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सवै जनप्रतिनिधि, कर्मचारीवर्ग, उद्योगी व्यवसायी, राजनीतिक दलहरु, बुद्धिजिवी लगायत सवैको सहयोगको अपेक्षा गर्दछु ।

मैन कुमार मोक्तान
अध्यक्ष
मिति २०८२ साल असार १० गते